समाज कल्याण निगम साइतामा प्रिफेक्चर समाज कल्याण परिषद

**महत्त्वपूर्ण सूचना**

आर्थिक वर्ष रेइवा 5 साल सेप्टेम्बर महिना संस्करण

नोभल कोरोनाभाइरस सङ्क्रमणको प्रभावको कारण दिइने आपत्कालीन सानो कोष आदि विशेष ऋण

# ऋण मोचन पाउन सक्ने विशेष सापटीको बारेमा

## ●यसपटकको कागज प्रक्रियाद्वारा फिर्ता छुट पाउन सक्नेमा "आपत्कालीन सानो कोष" र "संयुक्त सहायता कोष, पहिलो पटक" (दुवैमा रेइवा 4 साल अप्रिल 1 तारिख वा त्यो दिनपछि आवेदन दिएका व्यक्ति) तथा "संयुक्त सहायता पूँजी, लम्ब्याएको" हुनेछन्

| कोषको प्रकार | आपत्कालीन सानो कोष (रेइवा 4 साल अप्रिल 1 तारिख वा त्यो दिनपछि आवेदन दिनेहरूका लागि) | संयुक्त सहायता कोष, पहिलो पटक (रेइवा 4 साल अप्रिल 1 तारिख वा त्यो दिनपछि आवेदन दिनेहरूका लागि) | संयुक्त सहायता कोष, लम्ब्याएको | संयुक्त सहायता कोष, पुनः सापटी दिने |
|---|---|---|---|---|
| ऋण मोचनको लागि कागज प्रक्रियाको अवधि | रेइवा 5 साल (सन् 2023 साल) | | | रेइवा 6 साल (सन् 2024 साल) |

तलका कोषहरूको ऋण मोचन गरिनेछ

रेइवा 6 सालमा क्रमिक रूपमा जानकारी गराइनेछ

## ●फिर्ता मोचन हुन सक्ने वा नसक्ने बुझ्नको लागि फलो चार्ट

के ऋणी हाल निवासी प्रमाणपत्रमा **घरपरिवारको मुख्य व्यक्ति** हुनुहुन्छ ?

- हो → के ऋणीले **आर्थिक वर्ष रेइवा 5 सालको निवासी करको "समान कर भुक्तान रकम र खुद आय अनुसार भुक्तान रकम दुवै" मा छुट** पाएका छन् ?
  - हो → सम्बन्धित पृष्ठ: P. 2, 4 — **मोचनको लागि आवेदन दिन सकिन्छ**
  - होइन → सम्बन्धित पृष्ठ: P. 5, 6 — **मोचन पाउन सक्नेमा पर्दैन**
- होइन → के हालको **घरपरिवारको मुख्य व्यक्ति** ऋण आवेदन दिएको समयमा ऋणीसँग **एउटै घरपरिवारमा** हुनुहुन्थ्यो ?
  - होइन → (माथिको प्रश्नमा जानुहोस्: के ऋणीले आर्थिक वर्ष रेइवा 5 सालको निवासी करको "समान कर भुक्तान रकम र खुद आय अनुसार भुक्तान रकम दुवै" मा छुट पाएका छन् ?)
  - हो → के **ऋणी र घरपरिवारको मुख्य व्यक्ति दुवैले आर्थिक वर्ष रेइवा 5 सालको निवासी करको "समान कर भुक्तान रकम र खुद आय अनुसार भुक्तान रकम दुवै" मा छुट** पाएका छन् ?
    - हो → सम्बन्धित पृष्ठ: P. 3, 4 — **मोचनको लागि आवेदन दिन सकिन्छ**
    - होइन → सम्बन्धित पृष्ठ: P. 5, 6 — **मोचन पाउन सक्नेमा पर्दैन**

## ●यस जानकारीमा वर्णन गरिएका बुँदाहरू


1. ऋण मोचन आवेदनको बारेमा (मोचन पाउन सक्नेमा **पर्नेहरूको लागि**) ··························· P. 2~4
2. भविष्यमा गर्नुपर्ने कर्जा चुक्ताको बारेमा (मोचन पाउन सक्नेमा **नपर्नेहरूको लागि**) ················· P. 5~6

   **कर छुट भएको अवस्था बाहेक ऋण मोचनको लागि आवेदन दिन सकिने अवस्थाहरूको बारेमा** ··········· P. 5
3. उक्त कुराहरू बाहेकका अन्य जानकारी ················································ P. 7
4. जापानी भाषा नबुझ्ने व्यक्तिको लागि (**विदेशीहरूको लागि)** ···································· P. 8



**【आवेदन/सम्पर्कका लागि】**
**साइतामा प्रिफेक्चर समाज कल्याण परिषद कोरोना विशेष कर्जा चुक्ता तथा ऋण मोचन कार्यालय अधिकारी**
【टेलिफोन नम्बर】050 - 2018 - 1839 【सम्पर्क हुने समय】सोमवारदेखि शुक्रवार (बिदाको दिन बाहेक) 9:00~17:00
https://www.fukushi-saitama.or.jp/site/problem_33.html

| 1 | ऋण मोचन आवेदनको बारेमा (मोचन पाउन सक्नेमा **पर्नेहरूको लागि**) |
|---|---|

# फलो चार्टको परिणाम स्वरूप P. 2, 4 को परिचय गराइएकाहरूको लागि

**●आवश्यक कागजातहरू (1) देखि (3) लाई संलग्न गरिएको फिर्ताको खाममा राख्नुहोस् र तलको आवेदन म्याद भित्र हुलाकबाट पठाउनुहोस्।**

| क्रम संख्या | आवेदनको लागि आवश्यक कागजातहरू | स्वयं चेक कोलम |
|---|---|---|
| (1) | **निवासी प्रमाणपत्र**<br>*अनिवार्य रूपमा तलको सर्त पुरा गरेको निवासी प्रमाणपत्र पठाउनुहोस्।<br>・**घरपरिवारको मुख्य व्यक्तिको नाम उल्लेख** भएको<br>・"घरपरिवारका सबै सदस्यहरूको निवासी प्रमाणपत्रको मूल पत्र र यो प्रतिलिपिको बीचमा कुनै पनि भिन्नता छैन भन्ने प्रमाणित गरिएको छ" भन्ने वर्णन भएको<br>・माइनम्बरको उल्लेख नभएको<br>・गत 3 महिना भित्र जारी गरिएको | ☐ |
| (2) | **आर्थिक वर्ष रेइवा 5 सालको कर छुट प्रमाणपत्र** **(ऋणी मात्र)**<br>*समान कर भुक्तान रकम र खुद आय अनुसार भुक्तान रकम दुवैमा छुट पाएको | ☐ |
| (3) | **ऋण मोचन आवेदनपत्र** *संलग्न गरिएको A3 साइजको कागजको दायाँ पट्टि | ☐ |

***नोट*** **तपाईंले जति धेरै सूचनाहरू (खामहरू) प्राप्त गर्नुभयो ती (1), (2) र (3) का सबै कागजमा भरेर पठाउनुपर्नेछ। एकै समयमा एकभन्दा बढी आवेदन दिनुहुन्छ भने (1) र (2) को लागि मूल पत्र 1 वटा अनि अन्यको लागि प्रतिलिपि प्रयोग गर्न सक्नुहुन्छ।**

## ●कर छुट प्रमाणपत्र सम्बन्धी


・निवासी करको आवेदन तरिकाको बारेमा तपाईं बस्ने इलाकाको नगरपालिका वा गाउँपालिका कार्यालयको कर लगाउने अधिकारीसँग सम्पर्क गर्नुहोस्।

・आयस्ताको स्वघोषणा र वर्षान्तको समायोजन नगरेको खण्डमा निवासी करको स्वघोषणा नगरेसम्म कर छुटको प्रमाणपत्र उपलब्ध नगराउने अवस्था हुन सक्नेछ।


**●आवेदनको म्याद** रेइवा 5 साल (सन् 2023 साल) अक्टोबर 31 तारिख (मङ्गलवार) सम्म
*पोष्टमार्क मान्य
*यदि आवेदनको म्याद नाघ्यो भने सम्बन्धित सापटी पूर्ण रूपमा ऋण मोचन हुन नसक्ने पनि हुनाले होस गर्नुहोस्।

✓ कृपया निम्न कागजातहरू संलग्न फिर्ताको खाममा हालेर हुलाकबाट पठाउनुहोस्।

(1)निवासी प्रमाणपत्र





(2)आर्थिक वर्ष रेइवा 5 सालको कर छुट प्रमाणपत्र




(3)ऋण मोचन आवेदनपत्र



फिर्ताको खाम





P. 4 पनि अनिवार्य रूपमा निश्चित गर्नुहोस्

# फलो चार्टको परिणाम स्वरूप P. 3, 4 को परिचय गराइएकाहरूको लागि

● **आवश्यक कागजातहरू (1) देखि (3) लाई संलग्न गरिएको फिर्ताको खाममा राख्नुहोस् र तलको आवेदन म्याद भित्र हुलाकबाट पठाउनुहोस्।**

| क्रम संख्या | आवेदनको लागि आवश्यक कागजातहरू | स्वयं चेक कोलम |
|---|---|---|
| (1) | **निवासी प्रमाणपत्र**<br>*अनिवार्य रूपमा तलको सर्त पुरा गरेको निवासी प्रमाणपत्र पठाउनुहोस्।<br>・**घरपरिवारको मुख्य व्यक्तिको नाम उल्लेख** भएको<br>・"घरपरिवारका सबै सदस्यहरूको निवासी प्रमाणपत्रको मूल पत्र र यो प्रतिलिपिको बीचमा कुनै पनि भिन्नता छैन भन्ने प्रमाणित गरिएको छ" भन्ने वर्णन भएको<br>・माइनम्बरको उल्लेख नभएको<br>・गत 3 महिना भित्र जारी गरिएको | ☐ |
| (2) | **आर्थिक वर्ष रेइवा 5 सालको कर छुट प्रमाणपत्र**<br>**(ऋणी तथा घरपरिवारको मुख्य व्यक्ति दुवैको आवश्यक छ)**<br>*समान कर भुक्तान रकम र खुद आय अनुसार भुक्तान रकम दुवैमा छुट पाएको | ☐ |
| (3) | **ऋण मोचन आवेदनपत्र** *संलग्न गरिएको A3 साइजको कागजको दायाँ पट्टि | ☐ |

***नोट* तपाईंले जति धेरै सूचनाहरू (खामहरू) प्राप्त गर्नुभयो ती (1), (2) र (3) का सबै कागजमा भरेर पठाउनुपर्नेछ।**

**एकै समयमा एकभन्दा बढी आवेदन दिनुहुन्छ भने (1) र (2) को लागि मूल पत्र 1 वटा अनि अन्यको लागि प्रतिलिपि प्रयोग गर्न सक्नुहुन्छ।**

● **कर छुट प्रमाणपत्र सम्बन्धी**


・निवासी करको आवेदन तरिकाको बारेमा तपाईं बस्ने इलाकाको नगरपालिका वा गाउँपालिका कार्यालयको कर लगाउने अधिकारीसँग सम्पर्क गर्नुहोस्।

・आयस्ताको स्वघोषणा र वर्षान्तको समायोजन नगरेको खण्डमा निवासी करको स्वघोषणा नगरेसम्म कर छुटको प्रमाणपत्र उपलब्ध नगराउने अवस्था हुन सक्नेछ।


● **आवेदनको म्याद** रेइवा 5 साल (सन् 2023 साल) अक्टोबर 31 तारिख (मङ्गलवार) सम्म
*पोष्टमार्क मान्य
*यदि आवेदनको म्याद नाघ्यो भने सम्बन्धित सापटी पूर्ण रूपमा ऋण मोचन हुन नसक्ने पनि हुनाले होस गर्नुहोस्।

✓ कृपया निम्न कागजातहरू संलग्न फिर्ताको खाममा हालेर हुलाकबाट पठाउनुहोस्।

(1)निवासी प्रमाणपत्र





(2)आर्थिक वर्ष रेइवा 5 सालको कर छुट प्रमाणपत्र
*ऋणी तथा घरपरिवारको मुख्य व्यक्ति दुवै




(3)ऋण मोचन आवेदनपत्र



फिर्ताको खाम





P. 4 पनि अनिवार्य रूपमा निश्चित गर्नुहोस्

| फलो चार्टको परिणाम स्वरूप P. 2, 4 को परिचय गराइएकाहरूको लागि | फलो चार्टको परिणाम स्वरूप P. 3, 4 को परिचय गराइएकाहरूको लागि |
|---|---|

## ●आवेदन दिंदा तलको विवरणलाई राम्रोसँग हेरेर बुझेपछि पठाउनुहोस्।

| सामान्य त्रुटिहरू | |
|---|---|
| **निवासी प्रमाणपत्र**<br>× घरपरिवारको मुख्य व्यक्तिको बारेमा उल्लेख छैन<br>× गत 3 महिनाभन्दा अगाडिको प्रमाणपत्र हो<br>× घरपरिवारका सबै सदस्यहरूको उल्लेख छैन | तल लेखिएको जस्तो त्रुटि भएमा पुनः पेस गर्नुपर्ने हुन सक्छ र त्यसले गर्दा निर्णयको लागि धेरै लामो समय लाग्न सक्नेछ।<br>राम्रोसँग हेरेर बुझेपछि पठाउनुहोस्। |
| **कर छुट प्रमाणपत्र**<br>× आर्थिक वर्ष रेइवा 5 सालको होइन<br>× समान कर भुक्तान रकम र खुद आय अनुसार भुक्तान रकम कर लाग्ने हुन्<br>× घरपरिवारको मुख्य व्यक्तिको कर छुट प्रमाणपत्र छैन (फलो चार्टको परिणाम स्वरूप P. 3, 4 को परिचय गराइएकाहरूको लागि) | |
| **ऋण मोचन आवेदनपत्र**<br>× स्वयम्को हस्ताक्षर छैन | |

## ●छानबिनको परिणाम सम्बन्धी

・आवेदनका कागजातहरू प्राप्त भएपछि यस परिषदमा छानबिन गरी मोचन गर्ने वा नगर्ने निर्णय गरेर क्रमैसँग तपाईंलाई सूचना पठाउने योजना रहेको छ। **(आवेदनदेखि निर्णयसम्म 2-3 महिना लाग्छ)**

・यद्यपि, **उल्लिखित विवरणको त्रुटि वा आवश्यक कागजातको कमी र गलती भएमा मोचनको लागि योग्य व्यक्ति भएपनि त्यसको लागिको कागज प्रक्रिया पुरा नहुन सक्ने हुन्छ।**

・कसैको व्यक्तिगत छानबिन प्रक्रिया सम्बन्धी सोधपुछको जवाफ दिन नसकिने हुनाले त्यस्तो सोधपुछ नगर्नुहोस्।
(परिणामको सूचना नआएसम्म पर्खनुहोस्।)

**【आवेदन/सम्पर्कका लागि】**
**साइतामा प्रिफेक्चर समाज कल्याण परिषद　कोरोना विशेष कर्जा चुक्ता तथा ऋण मोचन कार्यालय अधिकारी**
【टेलिफोन नम्बर】050 - 2018 - 1839 【सम्पर्क हुने समय】सोमवारदेखि शुक्रवार (बिदाको दिन बाहेक) 9:00~17:00
https://www.fukushi-saitama.or.jp/site/problem_33.html

| 2 | कर्जा भुक्तान गर्ने तरिकाको बारेमा (मोचन पाउन सक्नेमा **नपर्नेहरूको लागि**)<br>कर छुट भएको अवस्था बाहेक ऋण मोचनको लागि आवेदन दिन सकिने अवस्थाहरूको बारेमा |
|---|---|

## फ्लो चार्टको परिणाम स्वरूप P. 5, 6 को परिचय गराइएकाहरूको लागि

मोचनको लागि योग्य नभएकाहरूले कर्जा चुक्ता (फिर्ता) गर्नुपर्नेछ । ऋण चुक्ता गर्ने विधिको बारेमा तल हेर्नुहोस् ।

### ● ऋण चुक्ता गर्ने विधिहरूको बारेमा (यसका दुई तरिकाहरू छन्)

**(1) कन्भिनियन्स स्टोरमा भुक्तानी (भुक्तानी स्लिप) → कुनै प्रक्रिया आवश्यक छैन**

हामी तपाईंलाई विशेष भुक्तानी स्लिप पठाउनेछौं।

**(2) बैंक ट्रान्सफर → प्रक्रियाहरू पुरा गर्न आवश्यक छ (अर्को पृष्ठमा प्रक्रियाहरू वर्णन गरिएको छ)**

बैंक खाता ट्रान्सफरमार्फत भुक्तानीको दर्ता पुरा हुनमा कागज प्रक्रिया सुरु भएपछि लगभग 2-3 महिनाको समय लाग्नेछ। दर्ता पूरा भएपछि तपाईंलाई सूचना आदि मार्फत जानकारी गराइनेछ, त्यसैले दर्ता पुरा नभएसम्म कृपया कन्भिनियन्स स्टोरमा भुक्तानी स्लिप प्रयोग गरी भुक्तानी गर्नुहोस्।

**○बैंक खाता ट्रान्सफरमार्फत भुक्तानीको कागज प्रक्रिया अगाडि नै पुरा गरिसकेकाहरूको लागि**

⇒ तपाईंले पुनः प्रक्रिया गर्न **आवश्यक छैन** तर यदि बैंक ट्रान्सफरमार्फत भुक्तानी गर्ने खाता परिवर्तन गर्न चाहनुहुन्छ भने प्रक्रिया पुरा गर्नुहोस्। यद्यपि, कोषको प्रत्येक प्रकारको लागि ट्रान्सफर गर्न प्रयोग हुने बैंक खाता परिवर्तन गर्न सकिंदैन।

⇒ उदाहरणको लागि, यदि तपाईं "संयुक्त सहायता कोष, लम्ब्याएको" बाट ऋण लिइरहनुभएको छ र हाल बैंक खाता ट्रान्सफर मार्फत "आपत्कालीन सानो कोष" वा "संयुक्त सहायता कोष, पहिलो पटक" ऋण चुक्ता गर्दै हुनुहुन्छ भने सोही खाताबाट भुक्तानी गर्न सकिने हुनाले थप कागज प्रक्रिया आवश्यक पर्दैन।

**○विगतमा बैंक खाता ट्रान्सफर मार्फत भुक्तानीको कागज प्रक्रिया गरेको नगरेको थाह नभएकाहरूको लागि**

⇒ कृपया अर्को पृष्ठमा लेखिएको सम्पर्क जानकारीमा सम्पर्क गर्नुहोस्।

### ● कर छुट भएको अवस्था बाहेक ऋण मोचनको लागि आवेदन दिन सकिने अवस्थाहरूको बारेमा

**ऋण चुक्ता गर्न सुरु भएपछि निम्न आवश्यकताहरू पुरा गरेमा ऋण मोचन आवेदन गर्न सकिन्छ।**

・जीवनयापन सुरक्षा भत्ताको सहायता प्राप्त गरेमा

・मानसिक स्वास्थ्य कल्याण पुस्तिका (तह 1) वा शारीरिक अपाङ्गता पुस्तिका (तह 1 वा 2) प्राप्त गरेमा

**○ आवेदन प्रक्रियाको प्रवाहबारे**

(1) कृपया अर्को पृष्ठमा लेखिएको सम्पर्क जानकारीमा सम्पर्क गर्नुहोस्।

(2) यस संघले ऋण मोचन आवेदन फारम पठाउनेछ।

***यस पटक पठाएको ऋण मोचन आवेदन फारम भन्दा ढाँचा फरक छ।**

(3) संलग्न गरिएको फिर्ताको खाममा आवश्यक कागजातहरू राखेर पठाउनुहोस्।

*तपाईंले सोधपुछ गर्दा हामी तपाईंलाई आवश्यक कागजातहरूको बारेमा जानकारी दिनेछौं।

## फ्लो चार्टको परिणाम स्वरूप P. 5, 6 को परिचय गराइएकाहरूको लागि

● **बैंक खाता ट्रान्सफर गर्न चाहनुहुने व्यक्तिहरूले निम्न दुई विधिहरू मध्ये कुनै एकबाट आफ्नो बैंक ट्रान्सफर खाता दर्ता गर्नुपर्नेछ।**

### 1 ट्रान्सफर खाता अनलाइन दर्ता गर्ने विधि

・कृपया तलको URL वा QR कोडबाट खाता दर्ता विशेष साइटमा पहुँच गर्नुहोस् र आवश्यक जानकारी भरेर आफ्नो खाता दर्ता गर्नुहोस्।

**《अनलाइन दर्ताको लागि》**

https://www.acctrans-reg.jp/rtex/ar/nj3XA53q/?CRC_CD=RL3N



WEB登録用

### 2 कागजी प्रक्रियाबाट ट्रान्सफर खाता दर्ता गर्ने विधि

・तलको URL वा QR कोडबाट "निक्षेप खाता ट्रान्सफर अनुरोध फारम" प्रिन्ट गर्नुहोस्।
・आवश्यक जानकारी भरेर सम्पर्क ठेगानामा हुलाक मार्फत पठाउनुहोस्।


*तपाईंले भर्नुभएको फारमको प्रतिलिपि लिएर यसलाई आफ्नो रेकर्डको लागि राख्नुहोस्।

**《कागजी प्रक्रियाबाट दर्ताको लागि अनुरोध फारम र भर्ने तरिकाको उदाहरण》**

https://www.fukushi-saitama.or.jp/site/problem.html



口振書・記入例




| No | 主な注意事項 |
|---|---|
| ① | どちらか一つに記入してください。<br>ゆうちょ銀行以外の金融機関 か ゆうちょ銀行 |
| ② | 届出印は「鮮明」に押印してください。<br>OK NG NG NG NG<br><br>届出印が不明の場合は、金融機関にお問合せください。 |
| ③ | 枠内から「はみ出さないよう」に記入してください。<br> |
| ④ | ６または７桁の貸付コードを記入してください。<br>複数、貸付コードがある場合、いずれか一つを記入してください。 |

【आवेदन/सम्पर्कका लागि】
**साइतामा प्रिफेक्चर समाज कल्याण परिषद  कोरोना विशेष कर्जा चुक्ता तथा ऋण मोचन कार्यालय अधिकारी**
【टेलिफोन नम्बर】050 - 2018 - 1839 【सम्पर्क हुने समय】सोमवारदेखि शुक्रवार (बिदाको दिन बाहेक) 9:00~17:00
https://www.fukushi-saitama.or.jp/site/problem_33.html

## 3 यस बाहेकका अन्य जानकारी

## ● कागजात पेस गरिसकेपछि आफ्नो ठेगाना वा नाममा परिवर्तन भएका व्यक्तिहरूले निम्न आवश्यक कागजातहरू संलग्न गरि नाम आदि परिवर्तनको निवेदन पेस गर्नुहोस्।

**・आवश्यक कागजातहरूको सूची**

*नाम आदि परिवर्तनको सूचना पेस गर्नको लागि तलको **आवेदन/सम्पर्कका लागि**को URL बाट फारम डाउनलोड गर्न सक्नुहुन्छ।

| न. | परिवर्तनका विवरणहरू | आवश्यक कागजात |
|---|---|---|
| 1 | ठेगाना परिवर्तन | **पुरानो ठेगाना र हालको ठेगानाको जानकारी उल्लेख भएको** र सम्पूर्ण घरपरिवारका सदस्यहरूको नाम उल्लेख भएको निवासी प्रमाणपत्र<br>(जारी भएको मितिबाट 3 महिना भित्रको हुनुपर्छ)<br>*ध्यान दिनुपर्ने कुरा: जापान भित्र पुरानो ठेगानाबाट हालको ठेगानामा बसाइ सरेको होइन भने हालको ठेगानासम्मको स्थानान्तरणको प्रवाह स्पष्ट गराउने निवासी प्रमाणपत्रको अलगपत्र अथवा पारिवारिक दर्ताको अतिरिक्त पत्र पेस गर्नुहोस्। |
| 2 | नामथर परिवर्तन | **परिवर्तन अघि र परिवर्तन पछिको नामथर थाहा हुने** घरपरिवारको सम्पूर्ण परिवारका सदस्यहरूको नाम उल्लेख भएको निवासी प्रमाणपत्र अथवा पारिवारिक दर्ताको संक्षिप्त प्रतिलिपि (जारी भएको मितिबाट 3 महिना भित्रको हुनुपर्छ) |
| 3 | ऋणीको मृत्यु | **निवासी प्रमाणपत्रको अलगपत्र अथवा पारिवारिक दर्ताबाट हटाइएको प्रमाणपत्रको समपूर्ण प्रतिलिपि अथवा मृत्यु निदानपत्रको प्रतिलिपि**<br>(निवासी प्रमाणपत्र जारी भएको मितिबाट 3 महिना भित्रको हुनुपर्छ) |

## ● बारम्बार सोधिने प्रश्नोत्तरहरू

साइतामा प्रिफेक्चर सामाजिक कल्याण परिषदको वेबसाइटमा यसबारे पोस्ट गरिएको छ।
(समय-समयमा अद्यावधिक बनाउने योजना छ)
https://www.fukushi-saitama.or.jp/site/problem_33.html

## ● आत्मनिर्भर परामर्श सहायता संस्था परामर्श काउन्टरको सूची

"आत्मनिर्भर परामर्श सहायता संस्था" भन्नाले सामान्य जीवनयापनका समस्याहरूको लागि परामर्श काउन्टर हो र त्यो काउन्टर जापानका सहरहरूमा राष्ट्रव्यापी रूपमा स्थापित गरिएको छ।
चाहेर पनि काम गर्न नसकेको, बस्ने ठाउँ नभएको जस्ता जीवनयापनका समस्याहरू छ भने आफू बस्ने इलाकाको परामर्श काउन्टरमा परामर्श गर्नुहोस् ।

https://www.pref.saitama.lg.jp/a0602/jiritsushien/madoguchi.html
*यदि तपाईं साइतामा प्रिफेक्चर बाहिर बस्नुहुन्छ भने आफ्नो स्थानीय तह वा प्रिफेक्चरलाई सम्पर्क गर्नुहोस्।

**【आवेदन/सम्पर्कका लागि】**

**समाज कल्याण निगम साइतामा प्रिफेक्चर समाज कल्याण परिषद**
**कोरोना विशेष कर्जा चुक्ता तथा ऋण मोचन कार्यालय अधिकारी**

【ठेगाना】338-0001 साइतामा प्रिफेक्चर साइतामा सहर च्युओ वार्ड कामिओचिआइ 2-11-27
【फोन नम्बर】050-2018-1839【सम्पर्क हुने समय】सोमवारदेखि शुक्रवार (बिदाको दिन बाहेक) 9:00~17:00
https://www.fukushi-saitama.or.jp/site/problem_33.html

**【अनुरोध】**
**・कागजातहरू कार्यालयमा प्रत्यक्ष स्वीकार गरिनेछैन। कार्यालयमा आफैले ल्याएर कागज प्रक्रिया गर्न नखोज्नुहोस्।**
**・यो सूचना प्राप्त गरेको तुरुन्तै पछि सम्बन्धित कार्यालयमा फोनमा सम्पर्क हुन गाह्रो हुन सक्छ। समझदारीको लागि अनुरोध गरिन्छ।**
**・एक पटक पेस गरेको कागजातहरू फिर्ता गरिने छैन। समझदारीको लागि अनुरोध गरिन्छ।**

# 4 にほんご が わからない かた へ（For Foreigners）

**にほんご が わからない かた は、コールセンター に でんわ してください**
phone number 050-2018-1839　open/closed 平日 9:00 ~ 17:00

**For those who do not speak or read Japanese, please contact our call center.**
Tel.: 050-2018-1839 Opening hours: weekdays from 9 a.m. to 5 p.m.

**如果您不懂日语，请致电呼叫中心。**
电话号码：050-2018-1839 服务时间：工作日9:00～17:00

**일본어를 모르시는 분은 콜센터로 전화 주시기 바랍니다.**
전화번호: 050-2018-1839 접수 시간: 평일 9:00~17:00

**Caso não entenda japonês, telefone para a central de atendimento.**
Telefone: 050-2018-1839 Horário de atendimento: nos dias úteis, das 9h às 17h

**Quý vị không biết tiếng Nhật vui lòng gọi đến Tổng đài.**
Số điện thoại: 050-2018-1839 Thời gian tiếp nhận: 9:00 ~ 17:00 các ngày thường trong tuần

**Mangyari lamang na tumawag sa call center kung hindi nakakaintindi ng wikang Hapon.**
Telepono: 050-2018-1839 Oras ng tanggapan: 9:00 am - 5:00 pm (karaniwang araw)

**जापानी भाषा नबुझ्ने व्यक्तिले कल सेन्टरमा फोन गर्नुहोस्।**
फोन नम्बर: 050-2018-1839 खुला समय: सोमबार~शुक्रबार 9:00~17:00 (सार्वजनिक बिदाको दिन बाहेक)

**Japonca bilmiyorsanız, lütfen çağrı merkezini arayın.**
Telefon numarası: 050-2018-1839 Danışma saatleri: Hafta içi 9:00-17:00

**【Application and contact details】**

**Saitama prefectural council of Social welfare**
**Repayment and Exemption of Special Loan Section**

【Address】2-11-27 Kamiochiai, Chuo-ku, Saitama-shi, Saitama 338-0001
【Contact Number】☎**050-2018-1839**
【Reception Time】**9:00～17:00** (on weekdays)
https://www.fukushi-saitama.or.jp/site/problem_33.html

【Notes】
- This venue does not receive documents. Please do not carry out procedures by bringing documents here.
- Note that it may be difficult to contact the call center by phone immediately after you receive this notice.
- Note that submitted documents cannot be returned.